कार्यपालिका बैठक मिति : २०८३।०३।०८ गते ।
कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८३।०२।२९ गते ।

**मिति २०८३।०३।०८ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू**

१. निर्णय समिक्षा सम्बन्धमा ।
२. आ व २०८३।८४ को नीति तथा कार्यक्रम सम्बन्धमा ।
३. आ व २०८३।८४ वार्षिक बजेट सम्बन्धमा ।
४. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिवेदन सम्बन्धमा ।
५. बजेट तथा कार्यक्रम तर्जुमा समितिको प्रतिवेदन सम्बन्धमा ।
६. राजश्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा ।
७. आर्थिक विधयेक २०८३ सम्बन्धमा ।
८. विनियोजन विधयेक २०८३ सम्बन्धमा ।
९. विषयगत समितिका प्रतिवेदनहरू सम्बन्धमा ।
१०. विपद राहत सम्बन्धमा ।
११. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।
१२. कार्यविधिहरू सम्बन्धमा ।
१३. निर्माण सम्झौताको म्याद थप सम्बन्धमा ।
१४. टाईम्स ईनर्जी प्रा लीमा योजना तथा कार्यक्रम माग सम्बन्धमा ।

**माथि उल्लेखित प्रस्तावहरू छलफल गरी सर्वसम्मतले तपसिलका निर्णयहरू गरियो ।**

१. चुमनुब्री गाउँपालिका कार्यपालिका बैठकले आ व २०८२।८३ मा हाल सम्म गरेका निर्णय समिक्षा गर्दै कार्यान्वयन गर्ने ।
२. चुमनुब्री गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रमलाई सर्वसम्मतले स्विकृत गर्दै २०८३।०३।०९ गते हुन गईरहेको गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।
३. चुमनुब्री गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को आय व्ययको अनुमान, मध्यकालिन खर्च संरचना सहितको वार्षिक बजेट सर्वसम्मतले स्विकृत गर्दै २०८३।०३।०९ गते हुन गईरहेको गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।
४. चुमनुब्री गाउँपालिकाको आ व २०८३।८४ को वार्षिक नीति तथा कार्यक्रम एवं बजेट तर्जुमा सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट पारित भएको निर्णय तथा प्रतिवेदनलाई स्विकृत गर्दै २०८३।०३।०९ गते हुन गईरहेको गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।
५. चुमनुब्री गाउँपालिकाको आ व २०८३।८४ को बजेट एवं कार्यक्रम तर्जुमा सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट पारित भएको निर्णय तथा प्रतिवेदनलाई स्विकृत गर्दै २०८३।०३।०९ गते हुन गईरहेको गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष

६. चुमनुब्री गाउँपालिकाको आ व २०८३।८४ को वार्षिक नीति तथा कार्यक्रम एवं बजेट तर्जुमाको लागि आय अनुमान तथा राजश्वका दरहरू निर्धारण सम्बन्धमा राजश्व परामर्श समितिबाट पारित भएको राजश्व दर, दायरा तथा वार्षिक अनुमान सहितको निर्णय तथा प्रतिवेदनलाई स्विकृत गर्दै २०८३।०३।०९ गते हुन गईरहेको गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

७. चुमनुब्री गाउँपालिकामा आर्थिक वर्ष २०८३।८४ मा कार्यान्वयन हुने राजस्वको स्रोत, दायर तथा दर समेटिएको आर्थिक विधयेक २०८३ स्विकृत गर्दै २०८३।०३।०९ गते हुन गईरहेको गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

८. चुमनुब्री गाउँपालिकामा आर्थिक वर्ष २०८३।८४ को विनियोजन सम्बन्धी व्यवस्था गर्न बनेको विनियोजन विधयेक २०८३ स्विकृत गर्दै २०८३।०३।०९ गते हुन गईरहेको गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

९. चुमनुब्री गाउँपालिकाको आ व २०८३।८४ को वार्षिक नीति तथा कार्यक्रम एवं बजेट तर्जुमाको लागि आय अनुमान तथा राजश्वका दरहरू निर्धारण सम्बन्धमा चुमनुब्री गाउँपालिका सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, आर्थिक विकास समिति, सँस्थागत विकास तथा सुशासन समिति र वातावरण तथा विपद व्यवस्थापन समितिले पेश गरेको निर्णय सहितको प्रतिवेदनलाई स्विकृत गर्दै २०८३।०३।०९ गते हुन गईरहेको गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

१०. चुमनुब्री गाउँपालिकाका विभिन्न स्थानमा भएका तपसिलका विपद् घटनाबाट प्रभावित घरधनीहरूलाई वडा कार्यालयबाट प्राप्त वडा सिफारिस, प्रहरी मुचुल्का, प्राविधिक स्थलगत मूल्यांकन प्रतिवेदन, फोटोहरू, मृत्यु दर्ता प्रमाणपत्र, पिडितको निवेदनको आधारमा चुमनुब्री गाउँ कार्यपालिका बैठकको मिति २०८१।०९।०५ गतेको निर्णय नं ५ अनुसार विपदबाट पूर्ण रूपमा घर क्षती भएमा क्षतिको प्राविधिक मूल्यांकनको आधारमा प्रकोप व्यवस्थापन कोषबाट रू २५ हजार देखी १ लाख सम्म राहत रकम वितरण गर्ने तथा विपदबाट चुमनुब्री गाउँपालिका निवासी कसैको ज्यानको गएमा निजको परिवारलाई प्रति मृतक रू १ लाख रकम राहत स्वरूप उपलब्ध गराउने निर्णय भए बमोजिम राहत स्वरूप तपसिल बमोजिमका लाभग्राहीहरूलाई प्रकोप व्यवस्थापन कोषबाट रकम बैंक खातामा भुक्तानी दिने ।

| सि नं | विपद्को किसिम | विपद् भएको मिति | पिडितको नामथर (घरमुली) | स्थान | क्षतिको विवरण | स्विकृत भएको राहत रकम रू | कै |
|---|---|---|---|---|---|---|---|
| १ | पहिरो, घर पूर्ण क्षती | २०८२।०७।१४ | जुक बहादुर गुरूङ | चुमनुब्री ३ पाङसिङ | रू २,०५,०००.०० (प्राविधिक मुल्यांकन) | रू १,००,०००.० (एक लाख मात्र) | |
| २ | पहिरो, घर पूर्ण क्षती | २०८२।०७।१४ | धुन्डुप गुरूङ | चुमनुब्री ३ पाङसिङ | रू २,१०,०००.०० (प्राविधिक मुल्यांकन) | रू १,००,०००.० (एक लाख मात्र) | |

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिवास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | भिरबाट लडि मृत्यु | २०८२।०५।०५ | सोनाम छेन्जोम लामा | चुमनुब्री ६ सिप्चेत | पिडितको पति रिन्जीन लामाको मृत्यु भएको। | रु १,००,०००.० (एक लाख मात्र) |
| ४ | भिरबाट लडि मृत्यु | २०८२।०५।०५ | छेन्जोम लाम | चुमनुब्री ६ सिप्चेत | पिडितको पति छिसे दोर्जे लामा | रु १,००,०००.० (एक लाख मात्र) |

११. चुमनुब्री गाउँपालिका कार्यपालिका कार्यालय वा अन्तर्गतका निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० बमोजिमको चुमनुब्री गाउँपालिका संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिलाई सहमति प्रदान गर्ने।

१२. चुमनुब्री गाउँपालिकाका विविध कार्यहरू व्यवस्थित तथा नियमित गर्न तपसिलका कार्यविधिहरू सर्वसम्मतले स्विकृत गर्ने।

क. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८३

ख. गाउँ सभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यविधि २०८३

ग. चुमनुब्री गाउँपालिकाको बेरूजू फर्छ्यौट कार्यविधि २०८३

घ. लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८३

ङ. चुमनुब्री गाउँपालिका श्याग्या परम्परा संरक्षण कार्यविधि २०८३

च. चुमनुब्री गाउँपालिका आम्ची (सोवारिग्पा) संरक्षण तथा व्यवस्थापन कार्यविधि २०८३

छ. चुमनुब्री गाउँपालिका सेराङ गुम्बा र श्रृङ्गी हिमाल संरक्षण कार्यविधि, २०८३

ज. चुमनुब्री गाउँपालिका लुङटाङ गुम्बा संरक्षण कार्यविधि, २०८३।

१३. चुमनुब्री गाउँपलिकाको चालु आ. व. २०८२/०८३ विनियोजित बजेटबाट संघीय बिशेष अनुदान स्रोतमा वडा नं. ६ मा संचालित सिद्ध गणेश आ.वि. छात्राबास निर्माण योजना (Contract ID: CRNM/WORKS/NCB/05/2082/083) निर्माण कार्य बोलपत्र आह्वान मार्फत Advance Gorkha Construction Pvt. Ltd, Gorkha Municipality-6 छनौट भई मिति २०८२/०८/१६ मा चुमनुब्री गाउँपालिका र निज निर्माण व्यवसायी विच सम्झौता भई मिति २०८३/०२/१५ गते भित्र कार्यसम्पन्न गर्ने गरी कार्यदिश समेत दिएकोमा उक्त निर्माण कार्यको म्याद २०८३ कार्तिक ३० सम्म म्याद थप गरिदिनु हुन भनि मिति २०८३/०१/२४ गते गाउँपालिकालाई सम्बोधन गरी मिति २०८३/०७/३० गतेसम्म कार्यसम्पन्न गर्ने प्रतिबद्धता सहितको कागजात म्याद थपका लागि निर्माण व्यवसायीबाट निवेदन पेश हुन आएको,उल्लेखित सम्झौताको कार्य निज निर्माण व्यवसायीले निवेदनमा उल्लेख गरे जस्तो सडक अवरूद्ध तथा मौसमी प्रतिकुलता तथा निर्माण सामाग्रीमा मूल्य वृद्धी तथा मूल्य समायोजनको प्रावधान नरहेको अवस्थालाई दृष्टिगत गर्दै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (२) मा उल्लेख भएबमोजिमको अवस्था भएको/रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौधौ संशोधन सहित) बमोजिम निजको

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

[illegible]
अध्यक्ष

काबुबाहिरको परिस्थिती समेत परेको हुनाले निज निर्माण व्यवसायीलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(२) मा भएको व्यवस्था बमोजिम मिति २०८३।०७।३० सम्म म्याद थप गर्ने चुमनुब्री गाउँपालिकाको मिति २०८३।०२।१५ गतेको निर्णयलाई सदर गर्ने र यही कार्यका लागि आ व २०८३।८४ मा आवश्यक पर्ने बजेट रू ४० लाख स्रोत सुनुश्चितताको लागि गाउँसभामा पेश गर्ने ।

१४. टाईम्स ईनर्जी प्रा ली ज्ञानेश्वर-३० काठमाडौं द्धारा प्रवर्द्धित बुढिगण्डकी जलविद्युत आयोजना ३४१ मेघावाट (अर्ध जलासय) परियोजना निर्माणका लागि चुमनुब्री गाउँपालिका वडा नं ३ सल्लेरी गाउँ स्थित सबै जग्गा तथा घर मुअब्जामा लिई निर्माण कार्य समेत प्रारम्भ भएको हुँदा उक्त कम्पनी बाट सामाजिक उत्तरदायित्व अन्तर्गत चुमनुब्री गाउँपालिकामा अनिवार्य ५० प्रतिशत रकम खर्च गर्नुपर्ने गरी तपसिलका आयोजना सञ्चालन तथा निर्माणको कार्य अघि बढाउन लेखी पठाउने ।

तपसिल

| सि नं | प्रथामिकता क्रम | आयोजनाको नाम | लातग अनमान रू | सञ्चालन गर्ने स्थान | कै |
|---|---|---|---|---|---|
| १ | १ | न्याकचेत-फिलिम बेलिब्रिज निर्माण योजना | ८ करोड | चुमनुब्री - ३ फिलिम, बुढिगण्डकी नदि | |
| २ | २ | बगर जगत नाक्चेत पाङसिङ फिलिम सडक सोलार बत्ति जडान | ८० लाख | चुमनुब्री-३ गाउँहरू | |
| ३ | ३ | बगर जगत सडक ढलान तथा ढुँगा छाप्ने योजना | ५०लाख | चुमनुब्री - ३ बगर, जगत | |
| ४ | ४ | घट्टेखोला ह्युम पाईप राख्ने कार्य | २० लाख | चुमनुब्री ३ घट्टेखोला | |
| ५ | ५ | फिलिम बजार सडक ढलान योजना | १ करोड | चुमनुब्री ३ फिलिम | |
| ६ | ६ | सल्लेरी नयाँ बस्ती ढलान बाटो तथा खानेपानी निर्माण योजना | ६० लाख | चुमनुब्री ३ सल्लेरी | |
| ७ | ७ | भालुवान गाउँ सडक निर्माण योजना | ५० लाख | चुमनुब्री ३ भालुवान | |
| ८ | ८ | जगत विद्यालय छात्रावास भवन निर्माण योजना | ६० लाख | चुमनुब्री ३ जगत | |
| ९ | ९ | जगत स्वास्थ्य चौकी भवन निर्माण योजना | ६० लाख | चुमनुब्री ३ जगत | |
| १० | १० | विकास प्रा वि भवन निर्माण योजना | ६० लाख | चुमनुब्री ३ घट्टेखोला | |
| ११ | ११ | पाङसिङ विद्यालय भवन निर्माण योजना | ५१ लाख | चुमनुब्री ३ पाङसिङ | |

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

निमा लामा
अध्यक्ष